नेपाल सरकार

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

# सूचना प्रविधि विभाग

सूचना प्रविधि पार्क, पनौती, काभ्रे।

**(प्रथम पटक प्रकाशित मितिः २०७२/०४/१९)**

नेपाललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना प्रविधि उद्योगको गन्तव्यको रुपमा विकास, विस्तार तथा प्रवर्द्धन गरी रोजगारी सिर्जना गर्ने तथा आर्थिक वृद्धिमा योगदान पुर्‍याउने उद्देश्यले सूचना प्रविधि पार्कलाई नेपाल सरकार, विश्वविद्यालय र निजि क्षेत्रको सहकार्यमा प्रभावकारी रुपमा व्यवस्थापन तथा सञ्चालन गर्न आवश्यक नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत सूचना प्रविधि पार्क (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७२ बमोजिम गठित पार्क संचालक समितिको मिति २०७२/०४/१८ को निर्णयानुसार सूचना प्रविधि पार्क पनौती, काभ्रेमा निर्मित व्यवसायिक भवनको भुईं तल्ला र पहिलो तल्लाका बायाँ तर्फका दुई वटा व्यवसायिक एकाई (क्षे. फ. ८१२६ वर्ग फिट ) मा सूचना प्रविधिसँग सम्बन्धित देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्नको लागि स्वदेशी विश्वविद्यालयहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र कार्य योजना सहितको प्रस्ताव यस विभागमा पेश गर्नुहुन आह्वान गरिन्छ ।

- सूचना प्रविधिको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन, तालीम तथा अध्ययन/अनुसन्धानमूलक कार्य गर्ने/गराउने ।
- बिजनेश ईन्कुवेशन सेन्टर सञ्चालन गर्ने ।
- सूचना प्रविधि विषयमा विश्वविद्यालय तह उत्तिर्ण विद्यार्थीहरुलाई सूचना प्रविधि उद्योगको माग बमोजिम क्षमता विकास गर्नको लागि फिनिसिङ स्कुल सञ्चालन गर्ने।
- उच्चस्तरीय व्यवसायिक तालिम प्रदान गर्ने ।
- सूचना प्रविधिको क्षेत्रमा राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरु समेतसँग समन्वय गरी अध्ययन, अनुसन्धान र विकासको कार्य गर्ने/गराउने ।
- नेपाल सरकारका सूचना प्रविधिसँग सम्बन्धित सरकारी कर्मचारीहरुलाई बार्षिक रुपमा निश्चित संख्यामा उच्च शिक्षा/ तालीम प्रदान गर्नकोलागी छात्रवृति प्रदान गर्ने ।

विस्तृत जानकारीको लागि यस विभागमा सम्पर्क राख्न सकिनेछ ।


<u>सम्पर्क ठेगाना</u>

सूचना प्रविधि विभाग

सूचना प्रविधि पार्क, पनौती, काभ्रे

ईमेलः info@doit.gov.np

फोनः ०११-६६४६०६, ६६२०४५